फोन नं : ०८९-४२०१३२

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, दैलेख

## वन पैदावार लिलाम बिक्रि सम्बन्धि विस्तृत सुचना

### प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२१

डिभिजन वन कार्यालय, दैलेखको आर्थिक वर्ष २०८२/०८३ मा मुद्दामा जफत भई यस कार्यालयको परिसर मै घाटगद्दीमा राखिएको तपशिल बमोजिमको जात र परिमाणको गोलिया तथा चिरान काठ यस कार्यालयको मिति २०८३/०४/२० गतेको निर्णय बमोजिम लिलाम बिक्रि प्रक्रिया द्वारा विक्री वितरण गर्नु पर्ने भएकाले काठ जे जस्तो अवस्थामा छ,सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।वन नियमावली २०७९ को दफा १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत भएका इच्छुक उद्योगहरुले यो सुचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र रितपुर्वकको बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिलः

| क.सं | जात | ग्रेड | थान | चिरान काठ परिमाण (क्यु.फिट) | गोलियामा लैजादा हुने आयतन (क्यु.फि.) | न्युनतम मूल्य प्रति क्यु.फिट(रु) | जम्मा न्युनतम मूल्य रु | ढुवानी/लोड अनलोड सुचना खर्च रकम रु. | जम्मा न्युनतम मुल्यांकन रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | साल (चिरान) | A | ७ | १४.६२ | २०.४६५ | १२५०/- | २५५८५/- | १२०००/- | ३७५८५ /- | मुद्दा नं.६/२०८२/०८३ |
| २. | सल्लो | गोलिया | ८ | | ६२.०४ | २५०/- | १५५१०/- | १०,०००/- | २५५१० /- | मुद्दा नं.५/२०८२/०८३ |

१) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय २०८३/०५/१० दिनको ठिक १२:०० बजे सम्म

२) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय २०८३/०५/१० दिनको ठिक ५:०० बजे सम्म

३) प्रति बोलपत्र फारमको रु. १०००/- ( पछि फिर्ता नहुने गरि) तिरी यस कार्यालयवाट खरिद गरि दाखीला गर्न सकिनेछ ।

४) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको रा.वा. वैंक, दैलेख शाखामा रहेको धरौटी खाता नं ४०१०१००२०२०३००० मा जम्मा गरेको सक्कलै भौचर समावेश हुनु पर्नेछ ।

५) लिलाम हुने वन पैदावार कार्यालय खुलेको समय भित्र घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।



CamScanner

फोन नं : ०८९-४२०१३२



६ ) लिलाममा भाग लिन इच्छुक कम्पनि वा फर्मका प्रोप्राइटरले नेपालि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि वा स्थाई लेखा नं (PAN) दर्ताको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्र बोलपत्र साथ पेश गर्नुपर्ने छ र साथै वन नियमावली, २०७९ को नियम १२८ बमोजिम डि.व.का.मा सुचिकृत/अध्यावधिक भएको हुनुपर्नेछ ।

७) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवै प्रष्ट रुपमा लेख्नुपर्नेछ, फरक परेमा अक्षरलाई मान्यता दिईनछ ।

८) बोलपत्र दाखिला गर्न/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुनेछ ।

९) रितपूर्वक पर्न आएका बोलपत्रहरु सार्वजनिक सुचना गरि मिति २०८३/०५/११ गते दिनको २:०० बजे डिभिजन वन कार्यालय, दैलेखमा साक्षीहरुको रोहवरमा खोलिनेछ ।

१०) बोलपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारिमा निहित रहनेछ ।

११) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत अलग्गै बुझाइ लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र आफ्नै खर्चमा उठाई लैजानुपर्नेछ ।

१२) अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम र वन पैदावार संकलन तथा बिक्रि वितरण निर्देशिका २०७३ बमोजिम हुनेछ ।

१३) उपर्युक्त सुचना सम्बन्धमा कुनै हेरफेर वा संसोधन गर्नुपरेमा यस कार्यालयले गर्न सक्नेछ ।

१४)अन्य कुराहरु बुझ्नु परेमा डिभिजन वन कार्यालय, दैलेखमा फोन नं. ९८५८०५०१३२, ९८६७०५९६३३ मा सम्पर्क गर्न सकिनेछ ।

१५) म्याद नाघी वा रित नपुगी पेश हुन आएका बोलपत्र मान्य हुने छैन ।



CamScanner